नेपाली

Vol.38 | 2024.01

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




फोटोको दृश्य विगतको प्रदर्शनीको हो।

Minto

## 【ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) मा गएर हेरौं!】

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ओता सहरको अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनलाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने सुविधा हो। यहाँ बहुभाषी परामर्श काउन्टर हुनुका साथै जापानी भाषाको क्लास, अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवन प्रवर्द्धनसँग सम्बन्धित विभिन्न इभेन्ट तथा प्रदर्शनी आदिको आयोजना गरिन्छ।

### यस्ता व्यक्तिहरूको लागि सिफारिस गरिन्छ!

- ✔ जापानी भाषा प्रयोग गरेर जीवनयापन गरिरहेका र दैनिक जीवन सम्बन्धी परामर्श गर्न चाहने व्यक्तिहरू
- ✔ जापानी भाषा अध्ययन गर्न चाहने व्यक्तिहरू
- ✔ जापानी नागरिकसँग आदानप्रदान गर्न चाहने व्यक्तिहरू
- ✔ अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनमा रुचि भएका व्यक्तिहरू

ओता सहर कामाता 4-16-8 2F

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227 FAX 03-5744-1323

विस्तृत जानकारीको लागि होमपेजमा गई निश्चय गर्नुहोस्।

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## [आर्थिक वर्ष 2024 सालको निवासी करको उद्घोष सुरु हुन्छ]

1. विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को बारेमा

- 1 वर्षमा 10 लाख येन भन्दा बढी आय भएको खण्डमा, कर लाग्ने सम्भावना हुन्छ।
- 2024 साल जनवरी 1 तारिखमा ओता सहरमा बसोबास गरेको व्यक्तिलाई निवासी कर लगाइन्छ।
- कर लाग्ने रकम अघिल्लो वर्षको जनवरीदेखि डिसेम्बरसम्मको आय अनुसार निर्धारण हुनेछ।

2. बसोबास योग्यता नवीकरण प्रयोजनको कर प्रमाणपत्र

अध्यागमन ब्यूरोमा कर प्रमाणपत्र पेस गर्नुपर्ने अवस्थाहरू पनि हुन सक्छन्। उद्घोष नगरेका व्यक्तिहरूले प्रमाणपत्र प्राप्त गर्न सक्नेछैनन्। अघिल्लो वर्षको आय थाहा हुने कागजात (वार्षिक आयकर कट्टी पत्र आदि) लिएर सहर कार्यालयमा आई उद्घोष गर्नुहोस्।

कर रकम निर्धारण भएपछि भुक्तानी गर्‍यो भने "कर भुक्तानी प्रमाणपत्र" प्राप्त गर्न सकिन्छ।

2024 साल फेब्रुअरी 16 तारिख (शुक्रबार) देखि मार्च 15 तारिख (शुक्रबार)

कर शाखा ☎ 03-5744-1192 FAX 03-5744-1515

## [निवासी कर भुक्तानीबारे]

चरण 4 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद 2024 साल जनवरी 31 तारिख (बुधबार) हो।

म्यादसम्ममा भुक्तानी गर्नुहोस्।

कर भुक्तानी सम्बन्धी जानकारीको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

कर भुक्तानी शाखा

ओमोरी ☎ 03-5744-1200

च्योफु ☎ 03-5744-1201

कामाता ☎ 03-5744-1202

ओता सहर बाहिर ☎ 03-5744-1203

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।

FAX 03-5744-1517

## [चौधौँ गुरुत्तो 5 टोल समिति! मिनेमाची कुइज र्‍याली]

यो मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट हिँडेर वा साइकलमा परिक्रमा गरी, ती स्पोटहरूमा राखिएका क्षेत्रसँग सम्बन्धित कुइज र किवर्ड प्रश्नहरूको जवाफ दिँदै जाने कुइज र्‍याली हो। सबै कुइज प्रश्नहरूको जवाफ दिएका व्यक्तिहरूलाई मिनेमाची विशेष उपशाखा कार्यालयमा पुरस्कार प्रदान गरिनेछ।



2024 साल फेब्रुअरी 5 तारिख (सोमबार)~11 तारिख (आइतबार)

मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट तथा मिनेमाची विशेष उपशाखा कार्यालय

अग्रिम रूपमा आवेदन दिनु पर्दैन।

मिनेमाची विशेष उपशाखा कार्यालय

☎ 03-3722-3111 FAX 03-3721-1493 E-mail minemati@city.ota.tokyo.jp

## ["सजिलो जापानी & अंग्रेजी भाषाको तादोकु" वर्कसप]

यो मातृभाषा जापानी भाषा नभएका व्यक्तिहरूको लागि "सजिलो जापानी भाषा" मा लेखिएका किताबहरू र मातृभाषा अंग्रेजी भाषा नभएका व्यक्तिहरूको लागि "अंग्रेजी भाषा" का धेरै किताबहरू पढ्ने वर्कसप हो। किताबको स्तर पनि प्राथमिक स्तरदेखि उच्च स्तरसम्म विभाजन गरिएको छ। जापान र विदेशी देशहरूको चलन, संस्कृति आदि पनि एकैसाथ रमाइलोसँग जान्न सकिन्छ।

- 2024 साल फेब्रुअरी 18 तारिख (आइतबार) 2:00 pm ~ 4:00 pm
- ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा (ओता सहर ओमोरीminamI 1-17-7)
- निःशुल्क
- जापानी भाषा तादोकु 10 जना र अंग्रेजी भाषा तादोकु 10 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ।)
- पुस्तकालयमा वा फोन
- ओमोरी मिनामी पुस्तकालय ☎ 03-3744-8411 FAX 03-3744-8421

## [अंग्रेजी चित्र किताब कथा कथन कार्यक्रम]

कथा कथन स्वयं सेवक समूह "लुपिन्स् (Lupines)" द्वारा अंग्रेजीमा चित्र किताब पढेर सुनाउने, तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने), गीत गाउने आदि पनि गरिन्छ। हामी चित्र किताबको माध्यमबाट बालबालिकालाई अंग्रेजी भाषासँग परिचित गराई, शान्त र समृद्ध तरिकामा बालबालिका हुर्कने वातावरण प्रदान गर्दछौं।



- जोर नम्बरको महिनाको चौथो शनिबार 11:00 am~11:30 am
- इकेगामी पुस्तकालय (ओता सहर इकेगामी 6-3-10 एतोमो इकेगामी 4F)
- निःशुल्क
- 8 समूह (बालबालिका र अभिभावक अथवा संरक्षक) (हरेक पटक)
- अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ।
- इकेगामी पुस्तकालय ☎ 03-3752-3341 FAX 03-3752-9749

## [ओता सहर युवा आदानप्रदान केन्द्र "युइच्चु" को जानकारी]

यो खेलकुद, संगीत, विभिन्न प्रकारका आदानप्रदान तथा तालिम जस्ता विभिन्न क्षेत्रका सामूहिक गतिविधिहरूको लागि प्रयोग गर्न र रात बस्न सकिने सुविधा हो। यस सुविधाबारे अन्य जानकारी चाहने व्यक्तिहरू वा यो सुविधा प्रयोग गर्न चाहने व्यक्तिहरूले ओता सहरको होमपेज हेर्नुहोस्।

- हरेक दिन 9:00 am~10:00 pm
  (खुला समय 9:00 am~8:00 pm)
  डिसेम्बर 29 तारिख~ जनवरी 3 तारिख बन्द हुनेछ।
- ओता सहर हेइवाजिमा 4-2-15
- ओता सहर युवा आदानप्रदान केन्द्र युइच्चु
  ☎ 03-6424-5101 FAX 03-6424-5120
  E-mail info@yuits.jp

[बाहिरी स्वरूप]



[कोठा]





## 【प्राथमिक विद्यालयमा भर्ना गर्नु अघिको अभिमुखीकरण】

प्राथमिक विद्यालयका कार्यक्रमहरू र आवश्यक अध्ययन सामग्रीको जानकारी, अनुभवी अभिभावकहरूले आफ्नो अनुभव सुनाउने र आदानप्रदानको कार्यक्रम आयोजना गरिन्छ।



2024 साल जनवरी 27 तारिख (शनिबार) 1:30 pm~4:00 pm

निःशुल्क

विद्यालयमा भर्ना हुने उमेर नभएका बालबालिका भएका अभिभावकहरू।
दोभासे सेवा उपलब्ध छ। (अंग्रेजी भाषा, चिनियाँ भाषा आदि। अन्य भाषाहरूको लागि परामर्श गर्नुहोस्।) शिशु स्याहार सेवा उपलब्ध छ (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)। पहिले नाम लेखाउने 8 जना जति। (18 महिना~प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिका)

विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।

## 【जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"】

यो विद्यालयबाट वितरण गरिने प्रिन्ट (सूचनापत्र) बुझ्न सक्ने गरी विद्यालय-विशिष्ट शब्दहरूको अर्थ र पढ्ने (उच्चारण गर्ने) तरिकाको टिप्स आदि सिक्ने जापानी भाषाको कोर्ड हो।

2024 साल फेब्रुअरी 6 तारिख, 13 तारिख, 20 तारिख, 27 तारिख र मार्च 5 तारिख (हरेक हप्ता मंगलबार)
10:00 am ~ 12:00 pm    निःशुल्क

- ओता सहर बसोबास, अध्ययन र काम गर्ने प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने बच्चा भएका विदेशी अभिभावकहरू
- आर्थिक वर्ष 2024 सालमा प्राथमिक विद्यालयमा भर्ना हुने योजना भएका बालबालिकाहरू भएका विदेशी अभिभावकहरू
- हिरागाना र काताकाना जानिसकेका जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्तिहरू।

शिशु स्याहार सेवा उपलब्ध छ (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ)।
पहिले नाम लेखाउने 3 जना। (18 महिना~प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिका)

विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ओता सहर कामाता 4-16-8 2F
(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981  FAX 03-6410-7982  E-mail mail@ota-goca.or.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227  FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶